जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १८१ • २०८३ बैशाख ९ गते बुधवार • 22 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## दलित बालबालिकाको शैक्षिक सुधारका लागि जलेश्वरमा विद्यार्थी भर्ना तथा घरदैलो अभियान सम्पन्न

**मो. इर्शाद**
**जलेश्वर, ८ बैशाख**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकामा दलित बालबालिका तथा युवाहरूको शैक्षिक अवस्था सुधार गर्ने उद्देश्यका साथ 'नेपाल छात्रवृत्ति कार्यक्रम (NCSEP)' अन्तर्गत विद्यार्थी भर्ना अभियान २०८३ तथा घरदैलो कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ महोत्तरीको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा मंगलबार बिहान एक विशेष न्याली र कोण सभाको आयोजना गरिएको हो । जलेश्वर नगरपालिका वडा नं. २ स्थित ल.च.मु रंगशाला अगाडिबाट सुरु भएको न्यालीले नगरका विभिन्न भागको परिक्रमा गरेको थियो। संघका अध्यक्ष विक्रम पासवानको नेतृत्वमा निस्किएको उक्त न्याली महेन्द्र चोकबाट सुरु भई पासवान टोल र महादेव मन्दिर हुँदै पुनः ल.च.मु रंगशाला अगाडिमा पुगेर कोण सभामा परिणत भएको थियो ।



कार्यक्रममा करिब ८० जना बालबालिका, विद्यार्थी तथा अभिभावकहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

सहभागीहरूले शिक्षाको महत्त्व झल्काउने विभिन्न नाराहरू लेखिएका प्लेकार्डहरू बोकेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले दलित समुदायका बालबालिकालाई विद्यालय पठाउन र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न स्थानीय सरकार र नागरिक समाजको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिनुभयो। घरदैलो कार्यक्रम मार्फत अभिभावकहरूलाई आफ्ना बालबालिकालाई विद्यालय भर्ना गराउन प्रोत्साहित गरिएको थियो । उक्त कार्यक्रमले स्थानीय समुदायमा शिक्षाप्रति सकारात्मक चेतना फैलाउने विश्वास आयोजकले लिएको छ। अभियानमा जलेश्वर नगरपालिकाका प्रमुख (मेयर) सुरेश शाह सोनार, वडा नं. २ का वडा अध्यक्ष वरुण दहाल र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका केन्द्रीय उपाध्यक्ष रवि विश्वकर्मा,संघका कार्यक्रम प्रबंधक चित्र बहादुर विश्वकर्मा कार्यक्रम अधिकृत प्रेम जैरू, दलित अगवा राम बिलास पासवान लगायत पत्रकार को उपस्थिति रहेको थियो ।

## मधेश प्रदेशमा अत्यधिक गर्मी बढे




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ बैशाख**

जनकपुरधाम लगायत मधेश प्रदेशमा अत्यधिक गर्मी बढेको छ । प्रदेशभरमै सबैभन्दा बढी तापक्रम यो समाचार तयार पार्दासम्म जनकपुरधाममा मापन भएको छ। जसअनुसार जनकपुरको तापक्रम अहिले ३८ डिग्री पुगेको छ । भने वीरगन्जमा ३९ डिग्री सेल्सियस पुगेर जनजीवन अत्यधिक प्रभावित बनेको छ ।

चर्को गर्मीबिचसँगै तातो हावा चलेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनाएको छ भने विशेषगरी बालबालिका, वृद्धवृद्धा, मजदुर र साना व्यवसायीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन् । यस्तै गर्मीको प्रत्यक्ष असर श्रमिक, मजदुर र साना सडक व्यवसायीहरूमा परेको छ । गर्मी अत्यधिक बढेर तातो हावा चलेसँगै दिनभर काम गर्न असहज भएको र ग्राहकहरूको चहलपहल पनि कम हुँदा उनीहरूको आम्दानीमा समेत असर परेको छ ।

सडक किनारमा ठेला वा पसल राख्ने व्यवसायीहरू दिउँसोको चर्को घाममा बस्न नसक्ने अवस्थामा छन्। जल तथा मौसम विज्ञान विभागका अनुसार, तराइ क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने सम्भावना छ । यसले गर्दा तातो हावा (लू) चल्ने क्रम पनि जारी रहनेछ। स्वास्थ्यकर्मीहरूले गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन्। पर्याप्त मात्रामा पानी पिउने, झोलिलो पदार्थ सेवन गर्ने, दिउँसो घरबाहिर ननिस्कने, हल्का र खुकुलो कपडा लगाउने जस्ता उपायहरू अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन् । विशेषगरी बालबालिका, वृद्धवृद्धा र दीर्घ रोगीहरूलाई गर्मीको प्रत्यक्ष प्रभावबाट बचाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ ।







हाँसौं : स्वस्थ रहौं ।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरुसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरुलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

**हाँसौं र हँसाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# रास्वपाको अस्तित्वको खतरा

राष्ट्रिय स्वतन्त्र पार्टी अर्थात रास्वपाको अस्तित्वको खतरा बढेको देखिन्छ। रास्वपाबाट प्रतिनिधि सभाको चुनावबाट निर्वाचित साँसदहरु वीच असन्तुष्टि चुलिएको देखिन्छ । उनीहरुले आफूहरु जनताको काम गर्न प्रतिनिधि सभा सम्म आइपुगेको तर यहाँ आफूहरु मन्त्रीहरुसँग नभेट्न पाउने र नत आफ्ना क्षेत्रका समस्याहरु नै राख्न नपाएपछि एउटा साँसदले अर्का साँसदलाई पार्टीभित्रको अप्रजातान्त्रिक तथा तानाशाह रबैयालाई हेरेर चिन्तित भएको देखिन्छ। अहिले देश भरीकै रास्वपाका विभिन्न नेता तथा कार्यकर्ताहरु जनताको आक्रोस खेप्न नसकेको अवस्था सिर्जना भएको देखिन्छ । किनभने संघीय सरकारले गरेको लगातारको मात्र निर्णयले सर्वसाधारण आजित भएका छन् भने समाधान नदिने यो तानाशाह तथा दूर दृष्टिबिहिन सरकारको कडा आलोचना समेत गर्न बाध्य भएका छन् सर्वसाधारण जनताहरु । अहिले ठाउँ–ठाउँमा रास्वपाको स्थानिय चुनावको सन्दर्भमा समेत विभिन्न नकारात्मक टिप्पणी हुन थालेका छन्। किनभने सरकारले अहिलेसम्म कुनै पनि जनतामूखि राहत योजना नल्याई खाईपाई आइरहेको सरल तथा सहज सुविधा विभिन्न बहानामा खोसिन पुग्दा सर्वसाधारणदेखि मधेस केन्द्रीत मधेसी दलका शिर्ष नेताहरु समेत प्रधानमन्त्री बालेन्द्र साहको सरकारप्रति गहिरो आक्रोस पोखेका छन्। रास्वपाले चयन गरेका केहि नेताहरु तथा प्रतिनिधि सभा सदस्यहरु समेत गैर कानूनी कार्यमा संलग्न रहेको अनुसन्धानबाट पुष्टि भई सकेको कारण जनताको रास्वपा प्रतिको रहेको विश्वास केहि दिनमै टुटेको बुझिएकोछ। नेपालका नीजि क्षेत्रमा लगानी गरेर काम गर्ने विभिन्न सरोकार बाला संस्थाहरुलाई समेत अनुकुलता प्रदान नगरी उनीहरुको अस्तित्व नै समाप्त हुने काम गरिएकोले रास्वपाको अस्तित्व खतरामा रहेको देखिन्छ।
रास्वपाले आफ्नो अस्तित्व जोगाउनको लागि जनतामूखि कार्यक्रमहरु तथा निर्णयहरु गर्न जरुरी देखिन्छ।

# जिल्लास्तरीय सरोकारबालाहरुको संयुक्त अनुगमन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ बैशाख**



धनुषाको सबैला र शहीदनगर नगरपालिकामा संचालित कार्यक्रमहरुको संयुक्त अनुगमन गरिएको छ । प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सपोर्ट नेपाल र जानकी महिला जागरण समाज (ज्वास) ले दुवै पालिकामा संचालन गरिरहेको कार्यक्रमहरुको सरोकारबालाहरुले मंगलबार संयुक्त अनुगमन गरेका हुन् ।

अनुगमनको क्रममा सशक्त बालिका परियोजना अन्तर्गत सपोर्ट नेपालले शहीदनगर नगरपालिकाको वडा नं. ४ मा परिवर्तनका संवाहक कक्षा र वडा नं. ९ गोठकोयलपुरमा स्वास्थ्य आमा समूहका सदस्यहरुको लागि विषादीमुक्त करेसाबारी कार्यक्रम प्रभावकारी रुपमा संचालन भइरहेको जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले बताए । ग्रामीण क्षेत्रमा बसोबास गर्ने दलित महिलाको जीवनस्तर उकास्नका लागि यस प्रकारका कार्यक्रमहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । आमा समूहमा आवद्ध महिलाहरु विषादीयुक्त तरकारी सेवनलेस्वास्थ्यमा पर्ने गरेको असरबारे सचेत भएकी छन्। आफ्नै करेसाबारीमा उत्पादन गरेको तरकारी आफूसँगै शिशुलाई खुवाउँदा पनि स्वस्थ रहने माँ सरस्वती स्वास्थ्य आमा समूहका सदस्य निलम कुमारी महराको तर्क छ । पहिलो सन्तान हुँदा आफैले भोग्नुपरेको पीडा स्मरण गर्दै निलमले अव भने आफूसँगै अरुलाई पनि जानकारी गराउँन निलम पछि परेकी छैनन् ।

त्यसैले उनी शिशु अवस्थामा समय नपुग्दै खानेकुरा दिदा समस्या भएको सुनाउँदै अव त फर्सीको जाउलो लगायतको पोषणयुक्त सामग्री खुवाउनुपर्नेमा जोड दिइन् । उनीसँगै गोठकोयलपुरस्थित महरा टोलमा भेला भएकी आमाहरुले एक स्वरमै अव सन्तानको हेरचाहदेखि परिवारले ग्रहण गर्ने खानेकुरामा ध्यान दिन थालेको सुनाइन् । आफ्नै करेसाबारीमा उत्पादन गरेर ताजा र विषादीमुक्त तरकारी किचेनमा भित्र्याउन रेखा कुमारी महरा उत्साहित छिन् । एक महिना अघि लिएको दुई दिने तालिममार्फत आफूहरुलाई रहनसहनसँगै शिशु हुर्काउने बारे आवश्यक जानकारी प्राप्त भएको रेखाले भनिन् । झोलमोल तयार गर्ने, विषादीयुक्त तरकारीको प्रयोग गर्दा हुने समस्याबारे तालिममा सिकेकी सीता महराले बीउविजनसहित कृषि औजार र सामग्रीहरु प्राप्त भएको बताइन्। यता, शहीदनगर-४ स्थित महुलिया माविमा संचालनमा रहेको परिवर्तनको संवाहक कक्षामा सहभागी बालिका प्रजनन स्वास्थ्य, बालविवाह जस्ता विकृति, शिक्षा, स्वास्थ्य र सामाजिक विकासबारे सचेत भएकी छन् ।

बालविवाह नगर्नका लागि अभिभावकलाई सम्झाउन सफल भएकी उनीहरु समाजमा यस्ता समाजिक अपराध हुन नदिनका लागि पनि सचेत देखिएकी छन्। कक्षा ११ मा अध्ययनरत्त बिनिता मण्डलले आफूहरु महिनाबारी, प्रजनन स्वास्थ्यसहित बालविवाह जस्ता समाजिक विकृति विरुद्ध निसंकोच छलफल गर्न लागेको बताइन् । आमासित मित्रता र मायाको रणनीति लिएर परिवर्तनको संवाहक कक्षालाई निरन्तरता दिएका छन् । कक्षामा सहभागी बालिकाहरुमा गजबको व्यक्तित्व विकास भएको छ, शहीदनगरका नगर उपप्रमुख सुनिता सिंहले भनिन्। किशोर किशोरीमैत्री कक्ष संचालन गर्न मावि महुलियामा टेबल, कुर्सी, झ्यालसहित कोठा रंगरोगन र कार्पेट लगाउने कार्य पनि परियोजना अन्तर्गत नै गरिएको सपोर्ट नेपालका कार्यक्रम संयोजक संजिवकुमारले बताए । यसअघि सबैला नगरपालिका-११ इनर्वास्थित संचालनमा रहेको स्पोन्सरशिप परियोजनाको संयुक्त टोलीले अनुगमन गरेको थियो । सबै बालबालिका तथा किशोरीहरु, विशेष गरी बालिका र युवतीहरुले बाल विवाहरहित र सम्मानजनक जीवनयापन गर्ने अधिकार सुनिश्चित गर्ने उद्येश्यले जानकी महिला जागरण समाजले इनर्वामामा प्रारम्भिक बाल विकास तथा बाल संरक्षण कार्यक्रम संचालन गर्दै आएको छ । सबैलाको वडा नं. ९, १०, ११ र १३ मा संचालन गरिएको प्रारम्भिक बालविकास सम्बन्धी कक्षामा सहभागी बालिकाहरुको सिकाई उपलब्धी उत्साहजनक रहेको शिक्षा विकास तथा समन्वय इकाई धनुषाका प्रमुख चेतकुमार पोखरेलले बताए। वडा नं. ९ भठिहन बजारमा मधुकुमारी साहले संचालन गरेकी ब्युटी पार्लरबाट मनग्य आम्दानी गरिरहेकी छन्। लगनगाँठोको बेला कामले भ्याइनभ्याई रहेको मधुले बेहुली सजाउन जाँदा १५-२० हजार रुपैयाँ लिने गरेको सुनाइन् । ब्युटी पार्लर सम्बन्धी तीन महिने तालिम लिएपछि उनी ब्युटी पार्लर चोकमै संचालन गरेर राम्रो आम्दानी गर्न लागेकी हुन् । दिक्षा ब्युटिपार्लर संचालनमा ल्याएकी उनी पसलमा ग्राहक नहुँदा समयको सदुपयोग गर्दै सिलाई कटाईको काम पनि गर्दै आएकी छन् । उनलाई तालिमसँगै एक लाख रुपैयाँ बराबरको सामान उपलब्ध गराएको जानकी महिला जागरण समाजका कार्यक्रम संयोजक निकिता सिंह यादवले बताइन् ।

'आजका बालबालिका भोलीका देशका कर्णधार' भएको र विकाशको पहिलो खुड्कीलो भनेको शिक्षा नै भएकाले यस परियोजनालाई उपलब्धी मुलक बनाउनका लागि पालिकासंगको समन्वय र सहकार्य गरी संस्थाले काम गरिरहेको यादवले बताइन्। टोलीमा धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश दाहाल, जिल्ला समन्वय समितिका उपप्रमुख संगिता ठाकुर, वडा नं. ४ का वडाध्यक्ष रमेश मुखिया, जिल्ला समन्वय अधिकृत प्रेमकुमार श्रेष्ठ, स्वास्थ्य कार्यालय धनुषाका महेश साह, नेपाल अपांग संघका पुरुषोत्तम राय दनुवार, जिल्ला प्रहरी कार्यालयका रामनाथ प्रसाद यादव, जनकपुर उद्योग वाणिज्य संघका कोषाध्यक्ष परमेश्वर साह, प्लान इन्टरनेशनल नेपालका मिहिर झा, र दिपक राजवंशी, सपोर्ट नेपालका अनिल साह, बेचन कुमार सिंह, जानकी महिला जागरण समाजका खगेन्द्र दाहाल, विशाल कर्ण लगायतको सहभागिता रहेको थियो ।

# प्रतिवेदन पेस गर्न अदालतको आदेश

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ बैशाख**

उच्च अदालत जनकपुर इजलासले सरकारी बाटो व्यक्तिले आफ्नो नाममा नापी गरेको विवादमा सो मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी स्थलगत अध्ययनपश्चात प्रतिवेदन पेस गर्न आदेश गरेको छ ।

कामु मुख्यन्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश टीकाराम आचार्यको इजलासले उक्त जमिन सार्वजनिक कायम गरी पाउँ भनी आएको विवादमा सोमबार सो आदेश गरेको हो । पृथ्वी साह हलुवाईले जगदीश पासमानविरुद्ध दूषित लिखत बदर दर्ता मुद्दामा उक्त आदेश दिएको हो। विवादित जग्गाको अवलोकन निरीक्षणका लागि अदालतले पाँचबुँदे आदेश दिएको छ ।

सो आदेशमा विवादित स्थानको स्थलगत निरीक्षण अवलोकन गर्न २०८३ वैशाख १३ गतेको दिन तोकी मुद्दाका दुवै पक्ष स्वयं र स्थलगत रूपमा उपस्थित हुन चाहेमा निजहरूको तर्फबाट नियुक्त विद्वान् कानुन व्यवसायीलाई समेत सो दिन ठीक १० बजे उपस्थित हुन पत्रमार्फत जानकारी गराउनू भनिएको छ ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ

वृष: मनमा पछुतो आउने

मिथून: अनावश्यक चिन्ता

कर्कट: अशुभ समाचार प्राप्त हुने

सिंह: अनावश्यक खर्चको संभावना

कन्या: खानपानमा समस्या आउने

तुला: शुभ कार्यको शुरुवात

वृश्चिक: मित्रतामा फाटो आउने

धनु: पिछडेको साथी मिल्ने

मकर: पढाईमा ध्यान दिनुपर्ने

कूम्भ: विचार गरेर बोल्नुहोला

मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जापानको हतियार निर्यातमा ऐतिहासिक मोड

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ बैशाख**



जापानले आफ्नो परम्परागत शान्तिवादी नीति र नयाँ सुरक्षा यथार्थबीच सन्तुलन खोज्दै वैश्विक रक्षा भूमिकातर्फ अगाडि बढ्ने सङ्केत दिएको छ । दशकौँदेखि कायम रहेको कडा शान्तिवादी नीतिमा महत्त्वपूर्ण मोड ल्याउँदै जापानले हतियार निर्यातसम्बन्धी आफ्ना नियमहरू उल्लेखनीय रूपमा सहज बनाउने निर्णय गरेको छ ।

बदलिँदो सुरक्षा चुनौती र आर्थिक हितलाई सन्तुलनमा राख्ने प्रयासस्वरूप गरिएको यो नीतिगत परिवर्तनले जापानलाई अन्तर्राष्ट्रिय रक्षा बजारमा सक्रिय रूपमा प्रवेश गर्ने बाटो खोल्ने अपेक्षा गरिएको छ । सरकारका शीर्ष प्रवक्ता मिनोरु किहाराले मङ्गलबार पत्रकार सम्मेलनमा नयाँ व्यवस्थाले घातक हतियारहरूको बिक्रीका लागि समेत मार्ग प्रशस्त गर्ने बताए । उनले जापान वरपरको सुरक्षा वातावरण तीव्र रूपमा परिवर्तन भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा देशको सुरक्षा सुदृढ पार्नुका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय स्थिरतामा योगदान पुर्याउने उद्देश्यले निर्णय गरिएको स्पष्ट पारे । उनका अनुसार अहिलेको विश्व परिवेशमा कुनै पनि राष्ट्रले एक्लै आफ्नो सुरक्षा सुनिश्चित गर्न सक्ने अवस्था नरहेको धारणा बलियो बन्दै गएको छ । यसअघि जापानले हतियार निर्यातलाई खोज तथा उद्धार, यातायात, चेतावनी, निगरानी र माइनस्वीपिङजस्ता सीमित पाँच श्रेणीका उपकरणहरूमा मात्र सीमित राखेको थियो । तर प्रधानमन्त्री साने ताकाइचीले सामाजिक सञ्जाल मार्फत अब सैद्धान्तिक रूपमा सबै प्रकारका रक्षा उपकरणहरूको स्थानान्तरण सम्भव हुने सङ्केत दिइन् । यसले जापानको रक्षा नीतिमा संरचनात्मक परिवर्तन आएको स्पष्ट देखिन्छ । यो परिवर्तनलाई समर्थन गर्नेहरूका अनुसार जापानले अन्तर्राष्ट्रिय रक्षा आपूर्ति शृङ्खलामा थप एकीकृत भएर साझेदार राष्ट्रहरूसँगको कूटनीतिक, सुरक्षा र आर्थिक सम्बन्धलाई अझ मजबुत बनाउन सक्नेछ ।

# 'द कपिल शर्मा शो' ले रोक्यो अर्चना पूरन सिंहको अभिनय यात्रा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ बैशाख**



सन् १९८२ मा निकाह'चलचित्रबाट बलिउडमा पाइला टेकेकी अभिनेत्री अर्चना पूरन सिंह आज 'द कपिल शर्मा शो' को निर्णायकका रूपमा विश्वभर चर्चित छिन्। तर, यही चर्चा र सफलता नै अहिले उनको अभिनय करियरका लागि भने बाधक बनेको छ ।

हालै एक अन्तर्वार्तामा अर्चनाले कपिल शर्माको शोमा व्यस्त हुनुपर्ने बाध्यताका कारण आफूले धेरै चलचित्रका अवसरहरू गुमाएको र अहिले निर्माताहरूले उनलाई काम माग्न नै छाडेको भन्दै आफ्नो पीडा व्यक्त गरेकी छिन् ।

अर्चनाका अनुसार केही वर्षअघि उनलाई स्कटल्याण्डमा २५ दिनको छायाङ्कन हुने गरी एउटा चलचित्रको प्रस्ताव आएको थियो । तर, त्यतिबेला द कपिल शर्मा शो टेलिभिजनमा प्रसारण हुन्थ्यो र वर्षमा झन्डै १०० एपिसोड खिच्नुपर्ने हुन्थ्यो। शोको व्यस्त तालिकाका कारण उनले उक्त चलचित्रको प्रस्ताव अस्वीकार गर्नुपर्‍यो। 'मैले यति धेरै पटक चलचित्रका अफरहरूलाई नाइँ भनेँ कि, अहिले फिल्म निर्माताहरूले मलाई अभिनयका लागि बोलाउनै छाडिदिए,' अर्चनाले भनिन् । ४२ वर्ष लामो करियरमा १०० भन्दा बढी चलचित्रमा काम गरिसकेकी अर्चनालाई उद्योगले अहिले केवल 'जज' का रूपमा मात्र हेर्ने गरेकोमा निकै दुःख लागेको छ। उनी भन्छिन्, 'मैले जति नै प्रयास गरे पनि निर्माताहरूलाई म एक अभिनेत्री हुँ भनेर विश्वास दिलाउन सकिरहेकी छैन। उनीहरूलाई म कुर्सी बसेर हाँस्ने मात्र मान्छे हुँ जस्तो लाग्छ ।'

यही छविका कारण उनलाई अहिले गम्भीर वा फरक खालका भूमिका पाउन मुस्किल भइरहेको छ र अझै पनि आफ्नो अभिनय क्षमता प्रमाणित गर्न संघर्ष गर्नु परिरहेको छ । सन् १९८७ मा नसरुद्दीन शाहसँग 'जलवा' चलचित्रमा मुख्य भूमिकामा देखिएकी अर्चनाले कुछ कुछ होता है, दे दना दन र बोल बच्चनजस्ता दर्जनौँ सुपरहिट चलचित्रमा आफ्नो हास्य अभिनयको छाप छाडिसकेकी छिन् । यद्यपि, ओटीटी प्लेटफर्मको उदयले उनलाई फेरि नयाँ आशा जगाएको छ ।

# नागरिक लगानी कोषको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रो फाइनान्स आबद्ध

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ बैशाख**



नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्था आबद्ध भएको छ । सो सम्बन्धी समझदारी पत्र सोमबार कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र मेरो माइक्रो फाइनान्सका प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालबीच हस्तान्तरण भएको हो ।

६४ जिल्ला कार्यक्षेत्र रहेको यस लघुवित्तमा करिब पाँच सय कर्मचारी कार्यरत रहेका छन् । कोषको यस योजनामा सङ्गठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको छ । यसअन्तर्गत योगदानमा वा गैर योगदानमा आधारित भएर सङ्घ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन् । सोही व्यवस्था अनुसार उक्त लघु वित्त वित्तीय संस्था कोषको उपदान योजनामा आबद्ध भएको हो । यसअघि पनि कोषसँग विभिन्न लघुवित्त वित्तीय संस्था लिमिटेड आबद्ध भइसकेका छन् । कोषले २०५५ देखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न सङ्गठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम सङ्कलन गरी लगानी गर्ने र कर्मचारी निवृत्त भएपछि भुक्तानी गर्ने गरिएको छ । यस योजनामा योगदानमा आधारित र गैर योगदानमा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ ।

# २२औं विश्व केम्पो च्याम्पियनसिप खेल्न नेपाली टोली टर्की प्रस्थान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ बैशाख**



टर्कीको अन्टालियामा आयोजना हुने २२औं विश्व केम्पो च्याम्पियनसिपमा सहभागी हुन नेपाली केम्पो टोली प्रस्थान गरेको छ । अप्रिल २६ सम्म सञ्चालन हुने उक्त प्रतियोगितामा नेपालबाट १६ सदस्यीय टोली सहभागी हुने भएको हो ।

नेपाल केम्पो खुकुरी फेडेरेसनका अध्यक्ष पाभेल शाहको नेतृत्वमा गएको टोलीमा ६ पुरुष र ४ महिला खेलाडी समावेश छन् भने अन्य सदस्यहरू अफिसियल र अभिभावक रहेका छन् । महिलातर्फ अञ्जना शाही (५० केजी), प्रिशा राज्यलक्ष्मी शाह (२२ केजी), इरा गौतम (२५ केजी) र मोनालिशा धामी (६० केजी) ले सेमी केम्पोमा प्रतिस्पर्धा गर्नेछन् । अञ्जना शाहीले काता र सेल्फ डिफेन्स तथा इरा गौतमले कातामा पनि चुनौती प्रस्तुत गर्नेछिन् । पुरुषतर्फ सुरेश पराजुली (६५ केजी), सुलभ श्रेष्ठ (३० केजी) र कृदिक्स विक्रम कुँवर (२५ केजी) ले सेमी केम्पोमा प्रतिस्पर्धा गर्नेछन्। दिलमान लामाले फुल केम्पो, काता र सेल्फ डिफेन्स विधामा भाग लिनेछन् । यमन पाण्डेले फुल केम्पो, सेमी केम्पो, सबमिसन, सेल्फ डिफेन्स र काता गरी पाँच विधामा प्रतिस्पर्धा गर्नेछन् भने शिवहरी राईले सेमी र फुल केम्पोसहित काता र सबमिसनमा चुनौती प्रस्तुत गर्नेछन् ।

टोली प्रस्थानका क्रममा अध्यक्ष पाभेल शाहले खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै पदक जित्ने विश्वास व्यक्त गरेका छन् । खेलाडीहरूले पनि देशको नाम उच्च राख्ने प्रतिबद्धता जनाएका छन् ।

# बालबालिकालाई अतिरिक्त बोझ हुने पाठ्यपुस्तक प्रयोग नगर्न सरकारको निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ बैशाख**




शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शैक्षिक सत्र २०८३ का लागि विद्यालयहरूमा सरकारद्वारा स्वीकृत पाठ्यपुस्तक मात्र प्रयोग गर्न र विद्यालय परिसरभित्रै पोसाक तथा स्टेशनरी बिक्री नगर्न निर्देशन दिएको छ ।

केन्द्रले देशभरका ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइहरूलाई पत्राचार गर्दै यस विषयमा तत्काल अनुगमन गरी कारबाही अघि बढाउन निर्देशन दिएको हो । केन्द्रले जारी गरेको परिपत्रमा केही निजी प्रकाशकहरूले कानुनको उल्लङ्घन गर्दै बढी मूल्य तोकेको, न्यून गुणस्तरको कागज प्रयोग गरेको र पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नै नलिई पाठ्यपुस्तक बिक्री गरिरहेको गुनासो प्राप्त भएको उल्लेख छ ।

नेपाल सरकारको नीति र कानुन विपरीत कार्य गरी बालबालिका र अभिभावकलाई अतिरिक्त आर्थिक बोझ नदिन केन्द्रले निर्देशन दिएको छ । त्यस्तै, पछिल्लो समय विद्यालयहरूले आफैँले वा विद्यालयभित्रैबाट पोसाक, पाठ्यपुस्तक र स्टेशनरी सामग्री बिक्री(वितरण गर्ने गरेको पाइएको भन्दै केन्द्रले यस्ता कार्य तत्काल रोक्न भनेको छ । केन्द्रले स्थानीय तहहरूसँग समेत समन्वय गरी विद्यालयहरूमा आकस्मिक अनुगमन गर्न र नियम उल्लङ्घन गर्ने प्रकाशक वा विद्यालयलाई कानुनी दायरामा ल्याई सोको जानकारी केन्द्रमा पठाउन निर्देशन दिएको छ ।

# प्रतिनिधिसभा नियमावलीको मस्यौदा सभामुखलाई बुझाइँदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ बैशाख**



प्रतिनिधिसभा नियमावलीको मस्यौदा सभामुखलाई बुझाइँदै छ । मस्यौदा समितिले पाएको समयावधि आजबाट सकिने भएकाले आज सभामुखलाई मस्यौदा बुझाउने तयारी गरिएको हो ।

मध्याह्न १२ बजे बस्ने मस्यौदा समितिको बैठकबाट सहमति जुट्न बाँकी विषयमा सहमति जुटाएर दिउँसो ३ बजे सभामुखलाई मस्यौदा बुझाउने तयारी रहेको समिति सदस्य यज्ञमणि न्यौपानेले जानकारी दिए । प्रतिनिधिसभाको बैठकले गत २३ चैतमा रास्वपाका सांसद गणेश पराजुलीको नेतृत्वमा मस्यौदा समिति गठन गरेको थियो । समितिमा ओजस्वी शेरचन, खगेन्द्र सुनार, खुस्बु ओली, गजला समिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निश्कल राई, वलावती शर्मा, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, रेखा कुमारी यदाव र सुलभ खरेल सदस्य रहेका छन् । नयाँ नियमावलीमा संसदीय इतिहासको गरिमा र अभ्यासलाई ध्यानमा राख्दै २०१६ साल यताका अनुभवलाई समेट्ने र बदलिँदो व्यवस्थाअनुसार नयाँ प्रावधान समावेश गर्ने काम भएको जनाइएको छ । नियमावलीले आगामी पाँच वर्ष प्रतिनिधिसभा सञ्चालन, कानुन निर्माण प्रक्रिया प्रभावकारी बनाउने, सांसदहरूको भुमिका सुदृढ गर्ने तथा कार्यपालिकालाई जवाफदेही बनाउने विषयलाई प्राथमिकता दिनेछ ।

साथै व्यवस्थापिकाको गरिमा कायम राख्ने मूल उद्देश्यका साथ मस्यौदा तयार पारिएको छ । समितिले आइतवार सभामुख तथा पूर्वमहासचिवहरूलाई समेत आमन्त्रण गरी सुझाव लिएको थियो ।

# सशर्त अनुदान : संघीयताको आधार कि केन्द्रीकरणको हतियार ?

-नेपालको संघीयतामा वित्तीय संघीयता संवेदनशील विषय हो र सशर्त अनुदानले तहगत सरकारहरूको स्वायत्तता र जवाफदेहितामा प्रभाव पार्छ । नेपालमा सशर्त अनुदानको प्रवृत्ति संवैधानिक उद्देश्य विपरित राजनीतिक र कर्मचारी स्वार्थले प्रभावित भएको छ । सशर्त अनुदानलाई संविधान र आयोगको सिफारिस अनुसार पुनर्संरचना गरी प्रदेश र स्थानीय तहको स्वायत्तता सुनिश्चित गर्नुपर्ने आवश्यकता छ। नयाँ सरकारको गठनसँगै अग्रगामी सुधारको बहस तीव्र भएको छ। सरकारका वाचापत्र, सय दिने कार्यसूची सार्वजनिक छन् । यसै बीचमा सरकारले सुशासनको मार्गचित्र पनि सार्वजनिक गरेको छ। यसबाहेक विषयगत तथा क्षेत्रगत रूपमा पनि सेवा प्रवाहमा गरिने सुधारका बहसहरू सार्वजनिक भएका छन् । कानून निर्माण तथा संशोधनका सवालहरू छलफलमा आएका छन् । यो सकारात्मक पक्ष हो । तथापि, मूल शासकीय संरचनासँग सम्बन्धित बहस अपेक्षित रूपमा हुन नसकेको जस्तो देखिन्छ ।

नेपालको सन्दर्भमा मूल शासकीय संरचना भनेको संघीयता र यसको कार्यान्वयन हो। यसै सन्दर्भमा यस आलेखमा संघीयताको प्रमुख आधारस्तम्भ वित्तीय संघीयतासँग सम्बन्धित सशर्त अनुदानको बारेमा चर्चा गर्नेछौं । नेपालले २०७२ को संविधानमार्फत संघीय शासन प्रणाली अंगीकार गरेपछि वित्तीय संघीयता शासन व्यवस्थाको केन्द्र अर्थात् न्युक्लियस बनेको छ । वित्तीय संघीयताका प्रमुख आयामहरूमा कार्य (खर्च) जिम्मेवारी, आम्दानीको जिम्मेवारी, अन्तर सरकारी वित्त हस्तान्तरण र आन्तरिक ऋण पर्दछन् । नेपालको संविधानले अनुसूचीहरू मार्फत संघ, प्रदेश र स्थानीय तहबीच कार्य जिम्मेवारीको बाँडफाँड गरेको छ। संविधानको धारा ६० र २५१ ले संघ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँड र वित्त हस्तान्तरणको खाका स्पष्ट गरेको छ । सरकारका विभिन्न तहबीच हुने ठाडो र समान तहबीच हुने तेस्रो वित्तीय असन्तुलनलाई कम गर्नको लागि अन्तर सरकारी वित्त हस्तान्तरणको प्रयोग गर्ने उद्देश्य संविधानले राखेको छ ।

यसलाई व्यवस्थित गर्ने जिम्मेवारी प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिइएको छ । नेपालको संविधान बमोजिम अन्तर सरकारी वित्त हस्तान्तरणमा समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान पर्दछन् । माथि उल्लिखित चारवटा अनुदानहरूको आफ्नै उद्देश्य र प्रकृति छन्। कतिपय अनुदानहरू सर्वमान्य प्रकृतिका छन् भने कतिपय सम्बन्धित देशको सन्दर्भ अनुसार मिल्ने गरी केही परिवर्तन गरिएको हुन्छ । नयाँ सरकार बनेसँगै शासकीय सुधारको बहस चलिरहेको सन्दर्भमा वित्तीय संघीयताको सुधारमा बहस पनि हुनु पनि अपेक्षित नै हुन्छ । तसर्थ यो आलेखमा अन्तर सरकारी हस्तान्तरणमा विश्वव्यापी रूपमा नै प्रचलनमा रहेको सशर्त अनुदानको प्रकृति, उद्देश्य अनि नेपालमा हालसम्म भएको कार्यान्वयनको विश्लेषण पनि गर्ने प्रयास गरिएको छ । द्वन्द्वात्मक प्रकृतिका कारण वित्तीय संघीयतामा यो संवेदनशील उपकरण मानिन्छ किनकि यसको अलिकति पनि गलत प्रयोग भएमा मुलुकको स्रोत संघीयकरणको सट्टा अझ बढी केन्द्रीयकरण हुने खतरा रहन्छ । अन्तर सकारी वित्त हस्तान्तरण मूलतः केन्द्रीय वा संघीय सरकारबाट प्रदेश वा स्थानीय तहमा गरिने रकम हस्तान्तरण हो। यसरी गरिने हस्तान्तरण विभिन्न प्रकारका अनुदानहरू पर्दछन्। यसमध्ये सशर्त अनुदान अलि फरक प्रकारको छ। यो अनुदानको उचित प्रयोगले एकातिर राष्ट्रिय प्राथमिकता कार्यान्वयनको माध्यम प्रदान गर्दछ भने अर्कोतिर यसको अनुचित तरिकाले प्रयोग भएमा स्थानीय तथा प्रदेश सरकारको स्वायत्तता माथि प्रत्यक्ष प्रभाव पार्दछ । यही द्वन्द्वात्मक प्रकृतिका कारण वित्तीय संघीयतामा यो संवेदनशील उपकरण मानिन्छ किनकि यसको अलिकति पनि गलत प्रयोग भएमा मुलुकको स्रोत संघीयकरणको सट्टा अझ बढी केन्द्रीयकरण हुने खतरा रहन्छ ।

सैद्धान्तिक उद्देश्य: सशर्त अनुदानको सैद्धान्तिक उद्देश्यहरू निम्न छन्। मूलतः तहगत सरकारहरूमा देखिने वित्तीय असन्तुलन (ख्भचतष्अबी ाष्कअबी क्ष्दबबिलअभ) लाई कम गर्ने उद्देश्य भएतापनि नीतिगत कार्यक्रमको रूपमा सशर्त अनुदानका निम्न उद्देश्यहरू हुन्छन : राष्ट्रिय नीति तथा कार्यक्रमको कार्यान्वयन: कतिपय कार्यक्रमहरू राष्ट्रव्यापी महत्वका हुन्छन्। जस्तैः दिगो विकास लक्ष्य, राष्ट्रव्यापी रूपमा तुइनको विस्थापन, सामाजिक सुरक्षा भत्ता इत्यादि। राष्ट्रिय लक्ष्यको प्राप्तिः जस्तै, निरक्षरता उन्मूलनको राष्ट्रिय लक्ष्य प्राप्त गर्न सबै स्थानीय तहले योगदान दिनुपर्छ। यी खालका कार्यक्रमको लागि पनि सशर्त अनुदान परिचालन गर्न सकिन्छ। राष्ट्रिय न्यूनतम सेवा मापदण्डको कार्यान्वयन: शिक्षा, स्वास्थ्य, सडक सुरक्षा, राष्ट्रिय भवन निर्माण संहिताको कार्यन्वयन इत्यादि ।


> सशर्त अनुदानको हिस्सा बढ्नु अनि यसको सैद्धान्तिक धरातल र उद्देश्य स्पष्ट नहुँदा सशर्त अनुदानलाई राजनीतिक र कर्मचारीतन्त्रको स्वार्थ अनुरुप स्रोतको केन्द्रीकरण गर्ने हतियार त बनाइराखिएको छैन भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ।
>
> प्रकाश रेग्मी



कुनै निश्चित भौगोलिक क्षेत्रभन्दा बाहिर प्रभाव पार्ने खालका क्षेत्र वा कार्यक्रममा सेवा वा गुणस्तरको सुनिश्चितता जस्तै : कुनै स्थानीय तहको शहरी क्षेत्रमा पार्क बनाउँदा त्यसबाट फाइदा लिने व्यक्तिहरू त्यस स्थानीय तहभन्दा बाहिरका व्यक्ति पनि हुन सक्छन्। कुनै सार्वजनिक सवारी साधनमा गरिएको वायु प्रदूषण घटाउने कार्यक्रमले एउटा भौगोलिक क्षेत्रभन्दा बाहिर पनि सकारात्मक प्रभाव पार्दछ । अन्तर्राष्ट्रिय प्रतिबद्धता (जस्तैः दिगो विकास लक्ष्यको कार्यान्वयन): कतिपय अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्नको लागि पनि सशर्त अनुदान प्रदान गर्नुपर्ने हुन्छ । कतिपय विषयहरू एक-अर्को तहको सहकार्यमा हासिल गर्न सकिने प्रकृतिका हुन्छन्। जस्तै राष्ट्रिय योजनाले अगाडि सारेको पूर्ण साक्षरता, पूर्ण सरसफाइ, शुद्ध खानेपानी। यस्ता कार्यक्रमहरू उपराज्य तहका सरकारबाट सम्पादन गरी गराई राष्ट्रिय लक्ष्य प्राप्त गर्न पनि यस्ता क्षेत्रमा सशर्त अनुदान दिने गरिन्छ । कुनै विशेष क्षेत्र तथा सेवा प्रवाहको लागि कमजोर क्षमता भएका प्रदेश तथा स्थानीय तहको क्षमता विकास गर्ने प्रयोजनको लागि पनि सशर्त अनुदान दिनुपर्ने हुन सक्छ। संघीय (वा माथिल्लो तह) तहको जिम्मेवारीमा रहेका कतिपय सेवाहरू स्थानीय वा प्रदेश सरकारबाट गर्दा अझ राम्रोसँग सम्पादन (कार्य दक्षता र प्रभावकारिता) हुने भएमा पनि त्यस्ता विषयमा सशर्त अनुदान प्रदान गर्ने गरिन्छ जस्तै; सामाजिक सुरक्षा (भत्ता) संघीय सरकारको जिम्मेवारीमा भएतापनि स्थानीय तहबाट वितरण गर्दा अझ बढी प्रभावकारी हुने भएकोले सशर्त अनुदानको रूपमा स्थानीय तहमा पठाउने गरिन्छ । माथि उल्लिखित बाहेक केही न्यूनतम सेवा प्रवाहका क्षेत्रमा समान तहका सरकारहरू बीच समतामूलक अवस्थाको सुनिश्चितताको लागि पनि (जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी) सशर्त अनुदान प्रदान गर्ने गरिएको पनि पाइन्छ । अन्तर्राष्ट्रिय अभ्यास : संघीयता वा विकेन्द्रीकरण राम्रो भएका मुलुकहरूमा सशर्त अनुदान लगभग सबै देशमा अभ्यास गरिएको पाइन्छ, तर त्यसको उद्देश्य फरक-फरक हुन्छ ।

भारतमा केन्द्र प्रायोजित योजना (ऋभलतचबर्llथि क्उयल( कयचभम क्अजभ्भ)ऋक्क) को रूपमा सशर्त अनुदान आयोजना वा कार्यक्रमकै रूपमा राज्य सरकारहरूमा पठाइन्छ। प्रधानमन्त्री आवास योजना, समग्र शिक्षा योजना, प्रधानमन्त्री पोषण कार्यक्रम जस्ता कार्यक्रममा केन्द्र सरकारसँगै राज्य सरकारहरूको पनि सह-लगानी हुन्छ । तर यी कार्यक्रमहरूमा राज्य सरकारहरूले पनि लागत बहन गर्नुपर्ने अनि यी कार्यक्रमहरू विना सल्लाह र समन्वयमा केन्द्र सरकारबाट पठाइने हुँदा अत्यधिक शर्त र केन्द्रको नियन्त्रणले राज्यको स्वायत्ततालाई कमजोर बनाएको भनी आलोचना हुने गरेको छ। सँगसँगै यस्ता धेरै कार्यक्रममा लागत बहन गर्नु पर्दा राज्यको आम्दानीको महत्वपूर्ण हिस्सा खर्च हुने र संविधान बमोजिमका अन्य जिम्मेवारी पूरा गर्नको लागि आवश्यक स्रोतको अभाव भएको भनी राज्य सरकारहरूको भनाइ रहेको छ । सोह्रौं वित्त आयोगको सिफारिसमा ऋक्क को संख्या घटाउने, एकै प्रकारका कार्यक्रमहरू एकीकरण गर्ने, राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा मात्र केन्द्रित हुने, राज्य सरकारहरूलाई बढी लचकता र छनोटको अवसर दिनुपर्ने, परियोजना भन्दा पनि क्षेत्रगत परिणाममा जोड दिनुपर्ने इत्यादि भएतापनि केन्द्र सरकारको प्राथमिकतामा यी विषय परेका देखिंदैनन् ।

**सांभार : अनलाईन खबर ।**



## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको विमालेख हराएको हुँदा एल.आई.सि. नेपालको कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम :** रन्जना देवि झा
ठेगाना : कुमरौरा
बिमालेख नम्बर: १७००८६६३८


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday